| | | |
|---|---|---|
| | **नमुना प्रश्न वार्षिक परीक्षा, २०८२** | |
| कक्षाः ९ | समयः ३ घण्टा | पूर्णाङ्कः ७५ |
| विषयः नेपाली | | उत्तीर्णाङ्कः २७ |

तलका सबै प्रश्नहरू अनिवार्य छन् ।

१. समूह 'क' का शब्द र समूह 'ख' का अर्थबिच जोडा मिलाउनुहोस् : ...................२

| समूह 'क' | समूह 'ख' |
|---|---|
| आलोकित | सफलताको लागि गरिने अभ्यास |
| साधना | नयाँ सिद्धान्त खोज्ने काम |
| प्राक्कल्पना | मान पदवीको वृद्धि |
| प्रतिपादन | सत्य पत्ता लगाउन गरिने पूर्वकल्पना |
| | भौतिक संसारको जन्म |
| | उज्यालो पारिएको |

२. दिइएको कोष्ठकबाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् : ................२

(क) 'प्रसिद्धि' को पर्यायवाची शब्द .............. हो । (कुख्यात, विख्यात, समृद्धि)

(ख) 'प्राकृतिक' शब्दको विपरीतार्थी शब्द .......... हो । (सांस्कृतिक, कृत्रिम, माध्यमिक)

(ग) .......... अनेकार्थी शब्द हो । (रात, समान, पूर्व)

(घ) ........... श्रुतिसमभिन्नार्थी शब्द हुन् । (विष-बिस, छर-छिमेक, भात-सात)

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ......................................... २

तितो ओकल्नु, अम्लीय वर्षा

४. दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : ..................................१

(क) दिर्घायू/ दिर्घायु/ दीर्घायु/ दीर्घायू

(ख) श्वर्णिम/ स्वर्णीम/ स्वर्निम / स्वर्णिम

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : ..................................................२

हाम्रो नेपालि धर्ती अनेकौ मौलिक कला शंस्कृतिको अनुपम सङ्गरहालय हो ।

६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् : ......................................३

<u>वाफरे</u> ! <u>आज</u> हाम्रो घरमा <u>डरलाग्दो</u> <u>अजिङ्गर</u> पसेको <u>थियो</u> <u>नि</u> ।

७. तलका दुवै प्रश्नको उत्तर दिनुहोस् :

(क) तलका अनुच्छेदबाट उपसर्ग लागेर बनेका दुई वटा र प्रत्यय लागेर बनेका दुई वटा शब्द पहिचान गरी लेख्नुहोस् : ...................................................२

बलबहादुर एक निडर तर भुलक्कड व्यक्ति थिए तर रातको समयमा चोरसँग भिडन्त हुँदा उनको अकालमा ज्यान गएछ ।

(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्दलाई विग्रह र एउटा विग्रह पदावलीलाई समस्त शब्द बनाउनुहोस् र दुई वटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् : .................................................. २

हामीले पोखराको फेवातालमा माछाको पुच्छर जस्तै हिमालको छाँया देख्यौं तर हामीलाई डुङ्गाहरूको दोछाँयाले छक्यायो । हामी आ-आफ्नो क्यामेराले क्लिकक्लिक फोटो खिच्न व्यस्त थियौं ।

८. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पूरा गर्नुहोस् : ............. २

(क) मलाई मेरो साथीले ................ । (भुल् : अज्ञात भूत)

(ख) विद्यार्थीहरू परीक्षा .............. । (दि : अपूर्ण वर्तमान)

(ग) म साइकल कुदाएर स्कुल ........... । (जा : सामान्य भविष्यत्)

(घ) आमाले भन्नुभयो, "भरे पानी ......... ।" (पर् : सम्भावनार्थ)

९. आज्ञार्थक क्रियापदको प्रयोग गरी आफ्नी बहिनीलाई पढाइ कसरी सुधार गर्ने भन्ने बारे चार वटा वाक्यमा सुझाव दिनुहोस् : ........................................... २

१०. कोष्ठकको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् : ..............................४

(क) रामले सर्प माऱ्यो । (कर्मवाच्य)

(ख) तिमी राम्रो अङ्क ल्याई कक्षा नौ उत्तीर्ण हुन्छौ । (इच्छार्थ)

(ग) पढ्ने विद्यार्थी पास हुन्छ । (बहुवचन)

(घ) ताप्लेजुङमा भीषण वर्षा भयो । वर्षाले फालेलुङ गाउँ बगायो । (संयुक्त वाक्य)

११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ..........................४

माइकल फेराडेले जीवनको उत्तरार्द्धमा थुप्रै पैसा आउने जागिर पाए तर उनी कहिल्यै पनि पैसालाई महत्त्व दिँदैनथे । त्यसैले उनी प्रचुर आम्दानी हुने जागिर छाडेर एकोहोरो अनुसन्धानमा लागिरहे । उनमा वैज्ञानिक आविष्कारको भोक तृप्त भएको थिएन । यसरी जागीर छाडेर अनुसन्धानमा लाग्दा उनलाई पुन: पैसाको सङ्कट पऱ्यो । उनी बिरामी पनि परे । यस्तो अवस्थामा पत्नी साराले उनलाई दिलोज्यानले साथ दिइन् र सेवा गरिन् । उनको योगदानको कदर गर्दै तत्कालीन राजा विलियमबाट वर्षको ३०० पाउन्ड पेन्सनको व्यवस्था भयो ।

प्रश्नहरू

(क) "उनमा वैज्ञानिक आविष्कारको भोक तृप्त भएको थिएन ।" यस वाक्यलाई करणमा परिवर्तन गर्नुहोस् ।

(ख) रेखाङ्कित शब्द 'उनमा' को कारक र विभक्ति लेख्नुहोस् ।

(ग) माथिको अनुच्छेदमा एउटा संयुक्त वाक्य पहिचान गरी लेख्नुहोस् ।

(घ) "यस्तो अवस्थामा पत्नी साराले उनलाई दिलोज्यानले साथ दिइन् ।" यस वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।

१२. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ......................... ५

मान्छेले सौर्य ऊर्जाको प्रयोग युगौँदेखि गर्दै आएको छ । कृषियुगदेखि नै खाद्यान्नहरू घाममा सुकाएर संरक्षण गरिँदै आएको तथ्य हाम्रो सामु छ । हाम्रो जस्तो परम्परागत समाजमा यसलाई अझ टड्कारो रूपमा देख्न सकिन्छ । हाम्रा बहुसङ्ख्यक किसान दाजुभाइ तथा दिदीबहिनीहरू धान, मकै, गहुँ, तोरी आदि पदार्थ घाममा सुकाउँछन् । यिनीहरूबाहेक अनेक हरिया सागपात, खुर्सानी आदि घाममा सुकाएर भविष्यमा तिनको उपयोगको निम्ति संरक्षण गर्दछन् । परम्परागत रूपमा चलेको सौर्यतापको प्रयोग गरिने यस विधिमा यद्यपि कुनै सुधार गर्न सकिएको छैन । सौर्य ऊर्जा नै त्यस्तो ऊर्जा हो जुन धेरै कालसम्म प्राप्त भइरहन्छ । सौर्य ऊर्जालाई अचेल वैकल्पिक ऊर्जाको रूपमा लिन थालिएको छ । आजसम्म ऊर्जाका क्षेत्रमा भेटिएका पेट्रोलियम, कोइला, ग्यास, बिजुली आदि विभिन्न प्रकारका प्राकृतिक स्रोतको खपत तीव्र गतिले भइरहेको छ, फलस्वरूप उक्त ऊर्जाको भण्डार रित्तिँदै छ । पेट्रोल, कोइला, प्राकृतिक ग्यास रित्तिँदा पारमाणविक ऊर्जाले केही हदसम्म हाम्रो खाँचो टार्न सक्ला तर आणविक ऊर्जा प्राप्त गर्न प्रशस्त लगानी गर्नुपर्ने र 'चेर्नोबिल' जस्ता दुर्घटना हुने सम्भावना भएकाले मान्छेको ध्यान सौर्य ऊर्जातर्फ जान थालेको छ । वास्तवमा भविष्यका निम्ति यो ऊर्जा भरपर्दो स्रोत पनि हो । यसको प्रयोगबाट पृथ्वीमा प्रदुषणको खतरा पनि कम हुन्छ । सौर्य ऊर्जालाई कुशलतापूर्वक प्रयोगमा ल्याउन सकिए मानवसमाज सुरक्षित रहने छ ।

प्रश्नहरू

(क) सौर्य ऊर्जाको परम्परागत प्रयोग भनेको के हो ?

(ख) सौर्य ऊर्जालाई वैकल्पिक ऊर्जाको वैकल्पिक स्रोत मानिनुको कारण के हो ?

(ग) पारमाणविक ऊर्जालाई किन भरपर्दो मान्न सकिन्न ?

(घ) कुन कुन प्राकृतिक पदार्थहरूलाई ऊर्जाका रूपमा प्रयोग गरिएको छ ?

(ङ) 'सौर्यताप' र 'पारमाणविक' शब्दको अर्थ लेख्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : .................................................. ४

(क) दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : विश्वेश्वरप्रसाद कोइराला

जन्ममिति : वि.सं. १९७१, बनारस

पिता/माता : कृष्णप्रसाद र दिव्या कोइराला

साहित्य यात्रा : हिन्दी भाषामा कथा र कविता लेखन, प्रथम प्रकाशित रचना- चन्द्रवदन (कथा), शारदा (१९९२)

मुख्य कृतिहरू : दोषी चश्मा, श्वेत भैरवी (कथा सङ्ग्रह), नरेन्द्र दाइ, मोदी आइन्, सुम्निमा, हिटलर र यहुदी, बाबु आमा र छोरा (उपन्यास)

साहित्यिक योगदान : प्रथम मनोवैज्ञानिक कथाकार, फ्राइडवादी लेखक, सशक्त उपन्यासकार

विशेषता : प्रजातन्त्रवादी नेता, २००७ सालको क्रान्तिका अगुवा

मृत्यु : वि.सं. २०३९

(ख) 'प्राविधिक शिक्षा आजको आवश्यकता' शीर्षकमा दुई जना साथीबिच भएको संवादको नमुना तयार पार्नुहोस् ।

१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ............................................ ४

(क) विद्यालयमा खेलकुदका सामग्रीहरू उपलब्ध गराइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) तपाईंको घरमा दिदीको विवाहका लागि आमन्त्रण गरिने निमन्त्रणा पत्र तयार गर्नुहोस् ।

१५. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् .....४

आजको हाम्रो यात्रा ४१०० मिटरको उचाइमा रहेको खाम्बोचेनतर्फ सोझियो । बाटो हिँड्दा देखिने दृश्य रमाइलो भए पनि ठाउँ ठाउँका पहिराले भने अलिक अप्ठ्यारो पाऱ्यो । खाम्बोचेन पुग्नुअघि कहीँ पनि खानेबस्ने सुविधा थिएन । रामपरक खर्क पुगेपछि आफूसँग भएको खाजाले भोक माऱ्यौँ । रामपरक खर्कपछिको ठाडो उकालाले हामीलाई निकै चुनौती दियो । यस्तो लाग्थ्यो, जिन्दगीको खाता कतै यतै बन्द गर्नुपर्ने त होइन ! माथिबाट झरिरहने ढुङ्गाबाट जोगिनु कठिन थियो । यही कारणले यात्रालाई विराम लगाउनु पनि बुद्धिमानी हुँदैनथ्यो । जोखिम मोलेरै किन नहोस् हामी अगाडि बढी नै रह्यौँ । वास्तवमा जीवन भन्नु नै यात्रा रहेछ । यात्रा चाहिँ जोखिम नमोलिकन कहिल्यै पूरा हुँदो रहेनछ । सामुन्नेको ठुलो झरना र पारिपट्टिको ७१ मिटरको भीमकाय कुम्भकर्ण हिमालले पनि हामीलाई जिस्क्याइरहे झैँ लाग्थ्यो । कष्टपूर्ण क्षण भनेको यस्तै हुँदो रहेछ । हामी मनभित्र त्रास बोकेरै खाम्बोचेन पुग्यौँ ।

१६. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ...................................... ४+४= ८

(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ................४

पत्नीको पीडाले विह्वल मनलाई सान्त्वना दिन रामनाथले भन्ने गर्छन्, "छोराछोरीहरू चराचुरुङ्गीका बचेरा जस्तै हुन् । चराचुरुङ्गीका बचेरा पखेटा लागेपछि उडेर बसाइँ सर्छन् । मान्छेका बच्चा पनि गोडा लागेपछि आमाबाबुको काख छोडी गाँस, बास, कपासका लागि यताउति बसाइँ सर्छन् र आमाबाबुबाट टाढा हुन्छन् । यो प्रकृतिको नियम नै हो । हाम्रा मात्र होइन, अहिले त घर घरमा यही स्थिति छ । सन्तान विदेसिने क्रम बढ्दो छ । तसर्थ तिमीले मुटुमा घाउ नपार । म छँदै छु नि तिम्रो साथमा । अन्त्यमा बुढाका लागि बुढी, बुढीका लागि बुढा, यही नै शाश्वत सत्य हो ।"

प्रश्नहरू

अ) 'छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै हुन्' भन्नुको आशय के हो ?

आ) अनुच्छेदमा के कुरालाई प्रकृतिको नियम भनिएको छ ?

इ) रामनाथले कुन कुरालाई शाश्वत सत्य भनेका छन् ?

ई) रामनाथले पत्नीलाई सान्त्वना दिनुपर्नाको कारण के हो ?

(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् : ................ ४

हाम्रो नेपाली धर्ती अनकौँ मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । यहाँ फुलेका र फकेका अनेकौँ सांस्कृतिक वैभवमध्ये हाम्रा लोकबाजा गौरव गर्न लायक सम्पत्ति हुन् । हाम्रो समाजमा प्रचलित तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई विभिन्न अवसरमा बजाइने यस्ता यन्त्रविशेष वा वाद्यलाई नै लोकबाजा भनिन्छ । यिनीहरू नेपाली समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, महोत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन् । यी नेपाली लोकबाजा नेपाली समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचानसमेत हुन् । नेपाली समाज सांस्कृतिक र जातीय विविधताले युक्त छ । यहाँका जातजातिले विभिन्न पर्व संस्कारका अवसरमा बजाउने बाजामा पनि त्यस्तै विविधता पाइन्छ । हाम्रा नेपाली लोक बाजाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यता जत्तिकै पुरानो हुनुपर्छ । प्रश्नहरू:

अ) नेपाली धर्तीलाई कुन कुराको अनुपम सङ्ग्रहालय मानिएको छ ?

आ) लोकबाजालाई कसरी बजाइन्छ ?

इ) कस्ता कस्ता संस्कारमा लोकबाजाको प्रयोग गरिन्छ ?

ई) 'संस्कृतिको शङ्खनाद' भन्नाले के अर्थ बुझिन्छ ?

(ग) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ............ ४

माइकल फेराडेका वैज्ञानिक योगदानलाई सिद्धान्त र आविष्कारमा वर्गीकरण गरी तिनलाई समेत विभिन्न वर्गमा बाँड्न सकिन्छ । फेराडेज ल अफ इन्डक्सन, फेराडेज ल अफ इलेक्ट्रोमेग्नेटिक इन्डक्सन र फेराडेज ल अफ इलेक्ट्रोलाइसिस उनका मुख्य सिद्धान्त हुन् । आफ्नै सिद्धान्तमा आधारित रहेर उनले दर्जनौं चिजका आविष्कार गरेका छन् । आज हामीले घरभित्र प्रयोग गर्ने मिक्स्चर, भरबाट बाहिर निस्कँदा चढ्ने गाडी, हामीले आआफ्नो घरमा पानी तान्नका लागि जडान गरेका मोटर ती सबै फेराडेको यही फेराडेज ल अफ इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन सिद्धान्तकै मातहतमा चलेका छन् ।

प्रश्नहरू

अ) माइकल फेराडेका वैज्ञानिक आविष्कारलाई कति समूहमा वर्गीकरण गरिएको छ ?

आ) उनका मुख्य मुख्य सिद्धान्त के के हुन् ?

इ) हामीले प्रयोग गर्ने फेराडेको सिद्धान्तमा आधारित कुनै तीन उपकरणको नाम लेख्नुहोस् ।

ई) उनका सिद्धान्तको मुख्य आधार के हो ?

१७. दिइएको प्रश्नको तार्किक उत्तर लेख्नुहोस् : ...........................................४

आमाबाबुले आफ्ना सन्तानबाट भविष्यका लागि आशाभरोसा गर्नु तपाईँलाई कस्तो लाग्छ ? 'समय पीडा' पाठका आधारमा आफ्ना तर्क राख्नुहोस् ।

१८. कुन एक उद्धरणको व्याख्या गर्नुहोस् : ..................................................४

(क) अनेकौँ सम्पदाले भरिएको मेरो प्यारो नेपालको प्रकृति, संस्कृति र माटो गौरवशाली छ ।

(ख) सबै प्राणीलाई भुवन भरमा अन्नहरूको
खुवाएकै हो त्यो वर जलदले भोज यसको ।

१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : .................................... ७

(क) पार्वती हुन् त्यस घरकी गृहलक्ष्मी । तिनी शिक्षित र गुणवती थिइन् । साह्रै सुन्दरी नभए पनि तिनमा स्त्रीसुलभ सौन्दर्य अवश्य थियो । यसैले कप्तान कृष्णबहादुर सुखी छन् । दोस्रो महायुद्धमा तिनी लप्टन भएका थिए । पछि कप्तान भए । युद्ध थामियो, तिनी पल्टनबाट फर्केपछि आफ्नै सानोतिनो व्यापार गरेर अहिले जीवन बिताइरहेका छन् ।

प्रश्नः घरायसी वातावरणलाई सुन्दर र सुखी बनाउन नारीको भूमिकाको सन्दर्भलाई 'भविष्य निर्माण' कथाले कस्तो सन्देश दिएको छ ? माथिको सन्दर्भ र पाठका आधारमा विवेचना गर्नुहोस् ।

(ख) तलको कवितांश पढी सोधिएका प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :

आमा !
यता म फसेको छु जीवनको दलदलेमा
जति निस्कन खोज्छु यो देशबाट
उति नै जोडले भासिन्छु तल
अझ तल
झनै तल ।

प्रश्नः विदेशी भूमिमा जीवनको दलदलेमा भासिने मानिसका पिडालाई 'म' पात्रले कसरी चित्रण गरेका छन् ? विवेचना गर्नुहोस् ।

२०. कुनै एक शीर्षकमा कम्तिमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् : ............. ७

(क) ज्येष्ठ नागरिकप्रति मेरो कर्तव्य

(ख) सिपमूलक शिक्षाको महत्त्व

(ग) शैक्षिक भ्रमणको महत्त्व

**समाप्त**